९. **बैठकको गणपुरक संख्या:** संचालक समितिको बैठकको गणपुरकको लागि तत्काल कायम सदस्य संख्याको दुई तिहाई सदस्यको उपस्थिती नभई गणपुरक पुगेको मानिने छैन । तर कुनै पदरिक्त भई संचालक समितिमा प्रतिनिधित्व नभएको अवस्थामा उक्त रिक्त पदलाई गणपुरक संख्याको लागी गणना गरिने छैन ।

१०. **संचालक समितिको काम कर्तव्य र अधिकार:**

(क) वैठकवाट पारित निर्णय कार्यान्वयन गर्ने,

(ख) कोषका लागी आर्थिक सहयोग जुटाउन नगर कार्यपालिका मार्फत नगरसभा समक्ष प्रस्ताव सहित आवश्यक पहल गर्ने,

(ग) कोषको आय बढाउन कोषको संचित पूंजीलाई कार्यपालिकाको सहमतिमा उपयुक्त तरिकाले उपार्जनको कार्यमा परिचालन गर्ने ,

(घ) कोषको बार्षिक आय व्ययको लेखापरिक्षण गर्ने व्यवस्था मिलाउने,

(ङ) कोष संचालनका लागि नीति तथा कार्यक्रम नगर कार्यपालिका मार्फत नगरसभाबाट स्वीकृत गरी लागु गर्ने ।

(च) कोषको बृहत्तर हितका लागि तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ,

११. **समितिका पदाधिकारीको काम , कर्तव्य र अधिकार :** (१) अध्यक्षको काम, कर्तव्य र अधिकार:

(क) कोष संचालक समितिको बैठक बोलाउने र अध्यक्षता गर्ने,

(ख) कोषको सम्पूर्ण गतिविधिको नेतृत्वयन्त्रण रगर्नि,

(ग) कोषको गरेक कृयाकलापको जवाफदेहिता बहन गर्ने,

(घ) बैठकको मत बराबर भएमा निर्णायक मत दिने,

(ङ) बैठकको निर्णय कार्यान्वयनगर्नेगराउने,

(च) लेखापरीक्षण प्रतिवेदन गाउंकार्यपालिकामा पेश गर्ने ।

(२) सदस्य सचिवको काम कर्तव्यर अधिकार :

(क) कोषको कार्यसंचालन गर्ने र हरहिसाब दुरुस्त राख्ने,

(ख) कोषको वैठकमा पेश गर्ने छलफलका विषयहरु अध्यक्षसंग परामर्श गरी तयार गर्ने,

(ग) वैठकको निर्णय अभिलेखन गरी राख्ने,

(घ) बैठकको निर्णय कार्यान्वयन गर्ने,

(ङ) अध्यक्षको निर्देशन अनुसार कार्य संचालन गर्ने,

(च) कोषको चलअचल सम्पतिको जिम्मा लिने,

(छ) लेखापरिक्षण गराउने र बेरुजु फर्छ्यौट गर्ने ।

(३) सदस्यको काम , कर्तब्य र अधिकार:

(क) समितिको बैठकमा नियमित रुपमा भाग लिने,

(ख) समितिकोबैठक र अन्य कार्यहरुमा पदाधिकारीलाई सघाउने,

(ग) समितिले दिएको जिम्मेवारी पूरा गर्ने ।

